पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८१ चैत १३ गते बुधबार ❑ 26 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## व्यक्तिलाई संस्था मानेर हिंड्नु हुन्न : प्रम ओली

**रासस**
काठमाडौं, १२ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै एक व्यक्तिलाई संस्था मानेर हिँड्ने प्रवृति सामन्ती सोच भएको बताउनुभएको छ।

नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको १५औँ स्मृति दिवसको अवसरमा कांग्रेस नेत्री सुजाता कोइरालाद्वारा लिखित ‘म र मेरो सानो बुवा’ (आत्मकथा) को आज लोकार्पण गर्दै उहाँले सो कुरा बताउनुभएको हो। प्रधानमन्त्री ओलीले कुनैजना व्यक्ति वा उसको खान्दानलाई संस्था मानेर हिँड्नु पछौटेपन सोच भएको उल्लेख गर्नुभयो । “सबै नेपालीका पूर्खाले लडेर यो देश बनाएको हो, कुनै एकजना व्यक्तिले बनाएको होइन, कसैले नायकत्व दिएको होला फरक त्यत्ति मात्रै हो” उहाँले भन्नुभयो, “अबको युग त्यसमा फर्कन सक्दैन, त्यस्तो भ्रमका कोही नपर्दा हुन्छ ।” प्रधानमन्त्री ओलीले सबैका विचार फरक भए पनि देश बनाउने साझा गन्तव्य एउटै हुनुपर्नेमा जोड दिनुभयो । “देश र जनताको हितको सबैले इमान्दारीका साथ काम गर्नुपर्छ”, उहाँले भन्नुभयो । उहाँले लोकार्पण भएको आत्मकथाबाट गिरिजाप्रसाद कोइराला र सुजता कोइरालाको जीवनका विषयमा धेरै जान्न सकिने उल्लेख गर्नुभयो । समारोहमा कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गिरिजाप्रसाद कोइरालासँग आफ्नो उतारचडावको सम्बन्ध रहेको स्मरण गर्दै उहाँलाई सर्वप्रथम २०२५ सालमा नख्खु जेलमा भेट भएको बताउनुभयो । उहाँले भन्नुभयो, “गिरिजा बाबु नथाक्ने, जुझारु र लडाकु स्वभावको हुनुहुन्थ्यो, उहाँसँग धेरै लामो समयसम्म काम गर्ने मौका पाएँ, म सभामपति हुनुमा पनि उहाँको केही न केही योगदान छ ।” सभापति देउवाले तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश शासनकाविरुद्ध आफू र गिरिजाप्रसाद कोइराला सँगसँगै लडेको उल्लेख गर्नुभयो। कांग्रेसका नेता डा शेखर कोइरालाले माओवादीको जनयुद्धपछि देशलाई शान्ति प्रक्रियामा ल्याउनका लागि पूर्वप्रधानमन्त्री गिरिजाप्रसादले पुऱ्याउनुभएको योदानको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, “हामीले विगतबाट पटक्कै पाठ सिकेका छैनौँ, अहिले कांग्रेस र एमालेको सरकार छ, हामीले कम्तीका देशको सुशासनको निम्ति काम गर्नुपर्छ ।”

कांग्रेसका सहमहामन्त्री तथा सांसद भीष्मराज आङदम्बेले कांग्रेस पार्टीभित्र देखिएका गुठ-उपगुठ अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । कांग्रेसका नेता डा शशाङ्क कोइरालाले गिरिजाप्रसाद कोइरालाले मुलुक र जनताका निम्ति गरेका त्याग, बलिदान र सङ्घर्षका विषयमा स्मरण गराउँदै त्यसबाट नयाँ पुस्ताले धेरै कुरा सिक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । नेत्री सुजाता कोइरालाले लामो मेहनत र अनुसन्धानबाट ‘म र मेरो सानो बुवा’ (आत्मकथा) को जन्म भएको बताउनुभयो । उहाँले आत्मकथामा आफ्नो पारिवारिक र मुलुकको राजनीतिका धेरै विषय समेटिएको जानकारी दिनुभयो ।

## चीनका विभिन्न शहरमा पर्यटन प्रवर्द्धन गरी नेपालको टोली पोखरा फर्कियो

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

पोखरादेखि चिनको सिचुवान प्रान्तको छेन्दु सिधा उडान गरि चिनका विभिन्न पर्यटकीय गन्तव्यमा पुगेको नेपाली टोली मंगलबार स्वदेश फर्किएको छ।

पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषद, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, सिचुवान एअरलाइन्स लगायतको सहकार्यमा भएको पोखरा देखि छेन्दु सिधा व्यवसायीक पहिलो चार्टर्ड उडानमा सहभागि नेपाली टोली स्वदेश फर्किएसंगै पोखरामा स्वागत गरिएको थियो भने पोखराबाट छेन्दु प्रस्थान गरेको टोलीलाई पोखराबाट बिदाई समेत गरिएको परिषदले जनाएको छ । पोखराका मेयर धनराज आचार्यको नेतृत्वमा पोखरा देखि चिनको छेन्दु पुगेको १ सय २६ सदस्य टोलीले चिनको छेन्दु सहित, लुजाउ, ईमि, छोडछिङ लगायतका ठाउँमा तथा केही महत्वपूर्ण स्थानमा समेत अध्ययन अवलोकन सहित भ्रमण गरेको कार्यक्रम संयोजक एवं परिषदका महासचिव जीवनराज सापकोटादले बताउनु भयो । पहिलो व्यवसायीक फ्लाइट सफलता पूर्वक भएको उहाँले दाबी गर्नु भयो । गण्डकी प्रदेशको राजधानि पोखराबाट नियमित हवाई उडान गर्नको लागि प्रदेश सरकारले यसमा बिषेश पहल गर्न उहाँले माग गर्नु भयो । पोखराका मेयर धनराज आचार्य केही दिन अघि चिनबाट फर्किएसंगै महानगरका प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाईको नेतृत्वमा टोली मंगलबार पोखरा आएको हो । महानगरले घोषणा गरेको २० लाख पर्यटक भित्राउने पोखरा भ्रमण बर्षलाई चिन सरकारको सहयोगमा पूरा हुने उहाँले विश्वास व्यक्त गर्नु भयो ।

चिनको छोडछिङ र छेन्दुमा सेल्स मिसन बिज्नेस टु बिज्नेस( बी टु बी) कार्यक्रम हुनुले दुई देशका टु गाईड अप्रेटर सहितका पर्यटन व्यवसायीहरु बिचको सम्बन्ध प्रगाढ भएको जसले नेपाल र चिनको पर्यटन प्रबर्द्धनमा धेरै मद्धत पुग्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनु भयो । नेपालमा चिनियाँ पर्यटक बढाउन चिनका अन्य शहरहरुमा यस्तै प्रबर्द्धनात्मक कार्यक्रम, तालिम सहितका विभिन्न प्रमोशनल कार्यक्रम गर्ने उहाँले बताउनु भयो । नेपाल र चिन बिचको कुटनीतिक सम्बन्धको ७० औ बर्षगाँठको अवसरमा चिन सरकारले सन् २०२५ मा नेपाल भ्रमण बर्ष घोषणा गर्नु र पोखरा महानगरपालिकाले २०२५ लाई पोखरा भ्रमण वर्ष घोषणा गरेको सन्दर्भमा उक्त कार्यक्रमले दुई देशको पर्यटन प्रर्बद्धन हुने प्रमुख लामिछानेले बताउनु भयो ।

२ बर्ष भन्दा लामो समय देखि पोखरामा संचालनमा आएको पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट पहिलो पटक व्यवसायीक चार्टर्ड फ्लाईट हुनु यस क्षेत्रको सम्भावनाको ढोका खुलेको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो । ऐतिहासिक फ्लाइट भएकोले अबको ३ महिना चार्टर्ड फ्लाइट सफल भएसंगै सिचुवान एअरलाइन्सले नियमित हवाई उडान गर्ने उहाँले विश्वास व्यक्त गर्नु भयो ।

चैत ५ गते पोखरामा आएको १ सय २७ सदस्य चिनिया टोली एक साता नेपाल भ्रमण पश्चात अधिकांश चिन तर्फ फर्किनु भएको छ । विभिन्न रुट हुदै काठमाण्डौं सहित देशका विभिन्न स्थानमा पुगेका चिनिया पर्यटकहरु पोखराबाट सिधा हवार्य उडान भएको खण्डमा पोखराबाट समेत चिन जान थालेको पोखरा भ्रमण बर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपी बहादुर भट्टराईले बताउनु भयो । पहिलो व्यवसायी चार्टर्ड फ्लाइटमा पोखरा देखि चिन तर्फ गएका केही पर्यटक भने काठमाण्डौं लगायतका क्षेत्रबाट आएको उहाँले जनाउनु भयो । सिचुवान एअरलाइन्सले नियमित हवाई उडान गरे

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेश सभाबाट सडक विधेयक पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

गण्डकी प्रदेशसभाबाट सार्वजनिक सडक निर्माण विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको छ। गण्डकी प्रदेशसभाको मंगलबार बसेको बैठकले उक्त विधेयक सर्वसम्मतिले पारित गरेको हो ।

विधेयकले प्रदेशभित्रका सडकलाई प्रदेश लोकमार्ग र प्रादेशिक सडक गरी सडकको दायाँबायाँको मापदण्ड तय गरेको छ । तराई क्षेत्रमा प्रदेश लोकमार्गको सडकको केन्द्रबाट दुवैतर्फ १२ दशमलव ५ मिटर, प्रादेशिक सडक १० मिटर, पहाडी क्षेत्रमा प्रदेश लोकमार्ग १० मिटर, प्रादेशिक सडक ७ मिटर र हिमाली क्षेत्रमा प्रदेश लोकमार्ग ७ दशमलव ५ मिटर, प्रादेशिक सडक पाँच मिटर हुनेगरी मापदण्ड निर्धारण गरिएको छ।

बैठकमा प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले दफावार छलफलमा उठेका प्रश्नको जवाफ दिँदै विधेयकले ‘राइट अफ वे’ यकिन गरेकाले सडक दायाँबायाँ हुनसक्ने अतिक्रमणलाई पूर्ण निषेध गरेको बताउनुभयो।

गण्डकी प्रदेशभित्रका सडकको अभिलेखीकरण तयार गरी प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गरिने उहाँले बताउनुभयो । गुरुयोजनाले प्रदेशभित्रका सबै सडकको पहिचान गरी प्रदेश लोकमार्ग र प्रादेशिक सडक कुन-कुन हुन् भन्ने तय गर्ने बताउँदै उहाँले, “प्रादेशिक सडक सञ्जाल गुरुयोजनामा समावेश भएका सडक योजना बैंकको प्राथमिकताको आधारमा कार्यान्वयन गरिँदै लगिनेछ।” ऐनले सडक मर्मतका लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरेको उहाँको भनाइ छ । सडक मर्मतका लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने व्यवस्था, सडक निर्माणबाट आसपासको जग्गाको मूल्य वृद्धिका कारणले गर्न हुने लाभमा आधारित रहेर कर कायम गर्ने व्यवस्था (भ्यालु क्यापचरिङ) तथा ल्याण्ड पुलिङमार्फत जग्गा प्राप्त गर्न सकिनेजस्ता केही नविन प्रावधान पनि समावेश गरेको उहाँले जानकारी दिनुभयो ।

सडक शुल्कको व्यवस्थाले प्रदेश सरकारको आन्तरिक स्रोतमा योगदान दिने भन्दै उहाँले मर्मत सम्भार सेवा शुल्कको दर र शुल्क सङ्कलन गर्ने प्रक्रिया भने विधेयक प्रमाणीकरणपछि राजपत्रमा प्रकाशन गरिने जानकारी दिनुभयो ।

सडक निर्माण, विस्तार, स्तरोन्नति, सुरक्षित, मर्मतसम्भार, पुनःनिर्माण एवं दिगो वातावरणीय व्यवस्थापनबाट समग्र सडक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## छेन्दु-पोखरा चार्टर उडानका निर्देशक पोउवा संघमा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

चीन सरकारको तर्फबाट पोखरा चार्टर उडानको नेतृत्व गरेका सीटीएस कम्पनीका प्रबन्धक यानले निजी क्षेत्रले देखाएको उत्साहका कारण पोखरा-छेन्दु नियमित उडान हुने विश्वास व्यक्त गरेका छन्। उनले अहिले तय भएका चार्टर उडानले चालु अंग्रेजी वर्षको वर्षायाममा चिनियाँ पर्यटक पोखरा ल्याउन सजिलो हुने पनि बताएका छन्।


चीनमा अंग्रेजी महिनाको जुन-जुलाइमा विद्यालय बन्द रहन्छन् । अभिभावकहरु त्यो बेला नानीबाबु लिएर भ्रमणमा निस्कन्छन् । छोटो दूरीमा जान रुचाउने चिनियाँहरुको त्यो बेलाको रोजाइ हङकङ वा थाइल्याण्ड हुने गरेको उनले बताए। थाइल्याण्डकै दूरीमा रहेको पोखरा चिनियाँहरुले रुचाउने र सिचुवान प्रान्तले त्यही अनुरुप पोखराको प्रचार गरिरहेको पनि उनको भनाइ थियो ।

सीटीएस सिचुवान प्रान्तको उडानसम्बन्धी काम गर्ने सरकारी निकाय हो । सिचुवानले



पोखरामा १० वटा चार्टर उडान गर्ने प्रतिवद्धता जनाइसकेको छ भने पहिलो उडानमार्फत् चीन गएका नेपाली प्रतिनिधिमण्डल पनि पोखरा फर्कीसकेका छन् ।

सीटीएसका निर्देशक यान पोखरा उद्योग वाणिज्य संघमा आयोजित छलफल कार्यक्रममा बोल्दै थिए । उनलाई स्वागत गर्दै आउँदो अप्रिल १ मा छेन्दुको लागि निजी क्षेत्रको तर्फबाट हुने चार्टर उडानकी संयोजक तथा पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले द्विपक्षीय भ्रमणबाट पर्यटन तथा व्यवसाय प्रवर्द्धनमा सघाउने धारणा राखेपछि जवाफमा यानले अब हुने भ्रमण दलमा संहभागी हुनेहरुलाई अझ राम्रो आतिथ्यता प्रदान गर्ने घोषणा पनि गरे । कार्यक्रममा पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर बी पौडेल, लेखनाथ उद्योग वाणिज्य संघको तर्फबाट चार्टर उडान संयोजक वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, पोखरा पर्यटन परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्यद्वय सूर्यराज घिमिरे र रामचन्द्र तिमिल्सिनाको पनि उपस्थिति रहेको थियो । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आउँदो अप्रिल एकमा हुने पोखरा-छेन्दु भ्रमणको चाँजोपाँजो मिलाउने जिम्मा पोखरा र लेखनाथ उद्योग वाणिज्य संघलाई सुम्पेका थिए। पोउवा संघले त्यो दायित्व महासचिव गौतमलाई सुम्पेको हो । पोउवा संघकी महासचिव शोभा गौतमका अनुसार दोस्रो चार्टर उडानको तयारी अन्तिम चरणमा पुगेको छ । चिनियाँ प्रतिनिधिमण्डलाई स्वागत गर्दै महासचिव गौतमले पोखरा उद्योग वाणिज्य संघको संक्षिप्त परिचय र गतिविधिबारे जानकारी पनि गराइन् । ‘सिचुवान एयरलाइन्समार्फत् पोखराको एउटा प्रतिनिधिमण्डलले मित्रराष्ट्र चीनको छेन्दुको उडान गरिसकेको छ,’उनले भनिन्,‘ आउँदो भ्रमणले आपसी मित्रता बढाउन, दुई पक्षीय व्यापार तथा पर्यटन प्रवर्द्धनमा सघाउने मेरो विश्वास छ ।’ कार्यक्रममा बोल्दै पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर बी पौडेलले पछिल्लो समय पर्वत साहसिक पर्यटनको केन्द्र भएको जानकारी दिँदै चिनियाँ पर्यटकलाई सो क्षेत्रमा भ्रमण गराउने योजना सुनाए । लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले पोखरामा विमानस्थल निर्माणको लागि निजी क्षेत्रले दिएको दबाबमूलक आन्दोलनको स्मरण गर्दै यसको दिगो संचालनको लागि पनि पहल गर्ने प्रतिवद्धता जनाए ।



# जनप्रिय बहुमुखी क्याम्पसमा चिनियाँ भाषा कक्षा सञ्चालनका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सवको अवसरमा जनप्रिय बहुमुखी क्याम्पस र त्रिभुवन विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटबीच चिनियाँ भाषा कक्षा सञ्चालनसम्बन्धी संझौतापत्रमा हस्ताक्षर भएको छ।

संझौतापत्रमा त्रिभुवन विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटका नेपाल पक्षका कार्यवाहक निर्देशक डा. बलराम दुवाल र जनप्रिय बहुमुखी क्याम्पस प्रमुख कृष्णबाबु बरालले ब्याचलर इन माउन्टेन टुरिज्म म्यानेजमेन्ट कार्यक्रममा चिनियाँ भाषा कक्षा सञ्चालनका लागि हस्ताक्षर गरेका हुन्।

नेपालमा चिनियाँ भाषा शिक्षाको बढ्दो महत्व, पर्यटन, व्यापार र साँस्कृतिक आदानप्रदानका क्षेत्रमा यसको प्रभावबारे चर्चा गदै नेपाल-चीन शैक्षिक तथा साँस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले संझौता गरिएको हो।

कार्यक्रममा डा.बलराम दुवालले भने, 'चिनियाँ भाषा सिक्नु भनेको विश्वव्यापी अवसर हरूको ढोका खोल्नु हो। नेपालका विद्यार्थी तथा व्यावसायीका लागि महत्वपूर्ण लगानी हो, जसले विद्यार्थीको शैक्षिक तथा व्यावसायिक सम्भावनाहरूलाई थप उजागर गर्नेछ।' कन्फ्युसियस इन्स्टिच्युटका चीन पक्षका निर्देशक प्रा.डा.फाङ सिङनियानले जनप्रियलाई सहकार्यका निम्ति धन्यवाद दिँदै नेपाल-चीन सम्बन्धको ऐतिहासिक पृष्ठभूमिमा प्रकाश पारे। उनले भने, 'चिनियाँ भाषा सिक्नु भनेको नेपाल-चीन पर्यटन तथा व्यवसायिक सहकार्यलाई प्रवर्द्धन गर्नु हो।' क्याम्पस सञ्चालक समिति अध्यक्ष बीरेन्द्रनारायण बिजुक्छेले, नेपाल-चीनबीच सातौँ शताब्दीबाट कायम ऐतिहासिक सम्बन्धलाई स्मरण गर्दै भने, 'सम्झौता केवल शैक्षिक सहकार्य मात्र नभई दुई संस्थाबीचको ज्ञान, संस्कृति र व्यावसायिक अवसरहरूको आदानप्रदानको एउटा महत्वपूर्ण माध्यम हो।' क्याम्पस प्रमुख कृष्णबाबु बरालले समभ्रूदारीपत्र अनुरूप विएमटिएम कार्यक्रमका सातौँ र आठौँ सेमेस्टरका विद्यार्थीहरूका लागि चिनियाँ भाषा कक्षा तत्काल सञ्चालन गरिने जानकारी गराए। उनले भविष्यमा अन्य सङ्कायहरूमा समेत चिनियाँ भाषा कक्षा विस्तार गर्ने योजना रहेको बताउँदै विद्यार्थीहरूका लागि रोजगारीका थप अवसरहरू सिर्जना गर्ने जनाए।

चिनियाँ भाषा प्रशिक्षक याओ फाङले पाठ्यक्रम संरचना तथा सिकाइ गतिविधिबारे जानकारी दिँदै भनिन्, 'चिनियाँ भाषा सिक्ने यात्रामा हामी सबै मिलेर अगाडि बढ्नेछौं। यो अवसरलाई सदुपयोग गरी उत्कृष्ट प्रगति गर्नुपर्छ।' कार्यक्रममा स्वायत्त कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले वर्तमान विश्व परिप्रेक्ष्यमा चिनियाँ भाषाको महत्वबारे चर्चा गरिन्।

# कृषि विकास बैंक कर्मचारी संघ नेपालको अध्यक्षमा छगेन्द्र आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत




कृषि विकास बैंक कर्मचारी संघ नेपालको अध्यक्षमा छगेन्द्र आचार्य सर्वसम्मत रुपमा निर्वाचित भएका छन्। संघको पोखरामा सोमबार राती सम्पन्न १० औं केन्द्रीय परिषदले आचार्यको अध्यक्षतामा ५१ सदस्यीय केन्द्रीय समिति गठन गरेको हो। आचार्य निवर्तमान बरिष्ठ उपाध्यक्ष हुन्।

संघको बरिष्ठ उपाध्यक्ष हाललाई खाली राखिएको छ। उपाध्यक्षमा पुष्कर कोइराला, नरहरीप्रसाद ढकाल र रामसेवक साह तथा महासचिवमा लेखराज घिमिरे यसअघि नै सर्वसम्मत निर्वाचित भईसकेको कृषि विकास बैंक कर्मचारी संघका गण्डकी प्रदेश अध्यक्ष सन्तोष थापाले जानकारी दिए। उनका अनुसार संघको उप-महासचिवमा केशव पोखरेल, पाँच सचिवहरुमा शोभा राना, सीता खड्का, गोकुल खत्री, मणी ढुंगाना र खगेन्द्र भण्डारी, कोषाध्यक्षमा अस्मीता पन्त, सहकोषाध्यक्षमा लोकप्रसाद गौतम र कार्यालय सचिवमा बिजय पौडेल रहेका छन्। परिषदको सोमबार नेकपा एमालेका महासचिव शंकर पोखरेलले उद्घाटन गरेका थिए। उद्घाटनअघि प्रभातफेरी निकालिएको थियो। लेकसाईडस्थित होटल पौवाबाट शुरु भएको प्रभातफेरी बैदाम प्रहरी चौकी, सहिदचोकहुँदै पुनः होटल पौवामै पुगेर उद्घाटन सत्रमा परिणत भएको थियो।

उद्घाटनको अवसरमा संघका ७ जना पूर्व अध्यक्षहरुलाई सम्मानित गरिएको कृषि विकास बैंक कर्मचारी संघ नेपाल, गण्डकी प्रदेश अध्यक्ष सन्तोष थापाले जानकारी दिए। परिषदमा देशभरका ७७ जिल्लाका ६ सय भन्दा बढी प्रतिनिधि तथा पर्यवेक्षकहरुको सहभागिता रहेका संघका निवर्तमान केन्द्रीय अध्यक्ष लिला जिसी क्षेत्रीले जानकारी दिए।

# सेवानिवृत्त राष्ट्रसेवक संघमा लामिछाने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत




सेवानिवृत्त राष्ट्रसेवक संघ नेपाल गण्डकी प्रदेशको हालै भएको प्रथम अधिवेशनले कास्कीका तोयनाथ लामिछानेको अध्यक्षतामा ९ सदस्यीय प्रदेश समिति चयन गरेको छ।

उक्त समितिको उपाध्यक्ष स्याङ्जाकी कमला मरासिनी, महासचिव स्याङ्जाका टेकबहादुर केसी, सचिवहरु म्याग्दीकी देवी पुर्जा र लमजुङ्का कृष्णप्रसाद आचार्य निर्वाचित भएका छन्।

समितिको कोषाध्यक्षमा कास्कीका हेमराज पौडेल र सदस्यहरुमा कास्कीका हरिनारायण आचार्य, गोर्खाकी सरस्वती श्रेष्ठ र लमजुङ्का अर्जुनकुमार श्रेष्ठ चयन भएका छन्। बाँकी पदाधिकारी र सदस्यहरु प्रदेश समितिको बैठकले पछि मनोनित गर्ने गरी हाललाई ९ सदस्यीय गण्डकी प्रदेश कार्यसमिति गठन गरिएको हो। पेशागत महासंघ नेपाल गण्डकी प्रदेशका महासचिव वैकुण्ठनाथ आचार्यको सहजीकरणमा गठित सेवानिवृत्त राष्ट्रसेवक संघ नेपालका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश संयोजक भरतबाबु कट्टेल संयोजकत्त्वमा उक्त संस्थाका महासचिव जसबहादुर कार्की सदस्य र पेशागत महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष महेन्द्र रिमाल सदस्य रहेको ३ सदस्यीय एक निर्वाचन मण्डलले उक्त निर्वाचन कार्य सम्पन्न गरेको थियो।

प्रथम अधिवेशनको उक्त अवसरमा सेवानिवृत्त राष्ट्रसेवक संघ नेपालका केन्द्रीय समितिका पूर्वउपाध्यक्ष तेजनारायण अधिकारी, सेवानिवृत्त राष्ट्रसेवक संघ नेपालको केन्द्रीय समितिका महासचिव जसबहादुर कार्की, सेवानिवृत्त राष्ट्रसेवक संघ नेपाल वागमती प्रदेश समितिका अध्यक्ष जनक केसी, पेशागत महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष महेन्द्र रिमाल र पेशागत महासंघ नेपाल गण्डकी प्रदेशका महासचिव वैकुण्ठनाथ आचार्यले शुभकामना मन्तव्य राखे। संघ नेपालका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश संयोजक भरतबाबु कट्टेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

# चीनका ...

चिन तर्फ जाने देशका अन्य शहरबाट पोखरा हुदै चिन जाने धेरै पर्यटक हुने संयोजक भट्टराईले जनाउनु भयो। चिनिया टोलीले पोखरा सहित लुम्बिनी, सौराह र काठमाण्डौंसम्म भ्रमण गरेको थियो। त्यसै गरी आउदो मंगलबार चैत १९ गते पुनः चिनको छेन्दुबाट १ सय २७ सदस्य पर्यटकको टोली सिधै पोखरा आउने भएको छ भने उद्योग बाणिज्य संघहरुको सहकार्यमा पोखराबाट सिधा चिनको छेन्दु जाने तयारी भएको पोखरा उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धचार्यले बताउनुभयो। पोखरा सहित लेखनाथ उद्योग बाणिज्य संघ एंव गण्डकी प्रदेशका विभिन्न जिल्ला नगर उद्योग बाणिज्य संघका प्रतिनिधिहरु समेत अबको दोश्रो फ्लाइटमा पोखराबाट चिन प्रस्थान गर्ने बताउनुभयो।

पोखरा देखि छेन्दु नियमित हवाई उडान गर्ने बिषयमा गण्डकी प्रदेश सरकार समेत सकरात्मक भएको परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सहितको टोलीसंग मंगलबार भएको भेटघाटको क्रममा उहाँले छेन्दु देखि पोखरासम्मको सिधा हवाई उडान गर्ने बिषयमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने वचन दिनुभएको छ। व्यवसायीक क्षेत्रबाट व्यवासायीक चार्टर्ड उडानको सुरुवात भएकोमा धन्यवाद दिदै मुख्यमन्त्री पाण्डेले यसलाई नियमित हवाई उडान गर्न नीजि क्षेत्र सहित सरकारी तहबाट समेत सहयोग हुनुपर्नेमा जोड दिनुभयो। उहाँले पोखरा सहित गण्डकी प्रदेशमा चिनियाँ लगानी भित्राउन समेत चिनका विभिन्न प्रन्त सहित सरकार समक्ष आव्हान समेत गर्नु भएको छ। पोखरादेखि चिनको छेन्दुसम्म नियमित रूपमा सिधा हवाई गर्न पोखरेलीले माग गर्नु भएको छ। नेपालमा छोटो दुरीको विश्वकै चर्चीत शहर लुजाउ, छेन्दु लगायतबाट पोखरामा उडानको धेरै सम्भावना भएको पोखराले बताउनुभयो।

# संस्थानले उपभोक्ताको समस्या समाधान गर्नुपर्छ : नेता शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत




नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले सेवा मुलक खानेपानी संस्थानले उपभोक्ताको सर्वोपरि हित गर्नु पर्नेमा जोड दिएका छन्।

नेपाल खानेपानी संस्थान कर्मचारी संघ केन्द्रीय समितिद्वारा पोखरामा आयोजित नवनियुक्त महाप्रबन्धक अर्जुनबाबु ढकाललाई बधाई तथा शुभकामना प्रदान कार्यक्रममा नेता शर्माले पानी मानिसको जीवन भएको भन्दै प्रभावकारी सेवा दिन संस्थानलाई आग्रह गरे। कार्यक्रममा बधाई दिँदै नेपाली कांग्रेस नेता एवं गण्डकी प्रदेश सांसद प्रकाश बरालले संस्थानले सरकारको ऋण तिर्न सक्ने गरी योजना ल्याउन नवनियुक्त महाप्रबन्धक ढकाललाई अनुरोध गर्दै कर्मचारीका समस्या समाधान हुनेमा आफूहरु ढुक्क भएको बताए।

नेपाल खानेपानी संस्थान कर्मचारी संघका अध्यक्ष केदार धमलाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल खानेपानी संस्थानका महाप्रबन्धक अर्जुनबाबु ढकालले उपभोक्ताको हितमा सवै कर्मचारी संग भएको क्षमता उपयोग गरेर मुस्कान सहितको सेवा प्रदान गर्न कर्मचारीलाई आग्रह गरेका थिए। संस्थानको सिमित स्रोत र साधनबाट अधिकतम सेवा प्रवाह गर्नु पर्ने दायित्वबाट संस्थान चुक्न नहुने धारणा राखेका थिए। ढकालले विनियमावली परिवर्तनशील दस्तावेज भएकाले आवश्यकताको आधारमा थपघट गर्दै युनियनसँग सहकार्य गर्न आफू तयार रहेको बताए।

कर्मचारी संघका केन्द्रीय सदस्य अनिल शर्मा सुवेदीले सञ्चालन गरेको कार्यक्रममा नेपाल खानेपानी संस्थान गौशाला शाखाका प्रमुख राकेश गोईतले शाखा विस्तार अभियानलाई साथ दिनु पर्नेमा जोड दिएका थिए। उनले कर्मचारी संघको हरेक कदम तथा कार्यक्रम सकारात्मक भएको बताउँदै कर्मचारीका समस्या समाधान हुनेमा विश्वास व्यक्त गरे।

कर्मचारी संघका सल्लाहकार विष्णुप्रसाद रेग्मीले स्वागत गरेको सभामा नेपाली कांग्रेस गोरखा जिल्लाका महाधिवेशन प्रतिनिधि ओम गुरुङले पञ्चायत तथा द्वन्दकालमा दमन र अन्यायमा परेको परिवार भित्रको असल व्यक्तित्व अर्जुनबाबु ढकाललाई शुभकामना दिँदै सफल कार्यकाल हुनेमा विश्वास व्यक्त गरेका थिए।

कार्यक्रममा नेपाल खानेपानी खानेपानी संस्थान कर्मचारी संगठनका सचिव झलकराम अधिकारीले कार्यरत कर्मचारीको रोजगारको सुनिश्चित गर्नु पर्ने बताए। अधिकारीले राम्रो कामको समर्थन गर्ने बताएका थिए। कर्मचारी संघ इकाई समिति पोखराका कोषाध्यक्ष सिमाना केसीले अतिथिहरुलाई गायन र नृत्यको माध्यमबाट स्वागत गरेकी थिइन्। कार्यक्रममा विभिन्न शाखाका कार्यालय प्रमुखहरुको उपस्थित रहेको थियो।

# गण्डकी..

सम्पतिको सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार विधेयक २०८० फागुन १५ मा प्रदेशसभा सचिवालयमा दर्ता गरिएको छ। दर्ता भएको ६ महिनापछि विधेयकलाई भदौ २६ मा छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइएको थियो। समितिमा छलफल र संशोधनपश्चात् प्रदेश सभामा पठाइएको विधेयक मंगलबार पारित गरिएको हो।


## वन अपराध नियन्त्रण सम्बन्धी सूचना

वन फाँड्ने, वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवास गर्ने, सडक तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्य वन अतिक्रमण हो। यस्तै बिना इजाजत राष्ट्रिय वन, निजी वन, आवादी समेतको वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य वन अपराध अन्तर्गत पर्दछन्। तसर्थ वन अतिक्रमण तथा बिना इजाजत वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५० वमोजिम बरामद काठको विगो जफत गरी अधिकतम पाँच वर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाँय हुने प्रावधान छ। साथै पचास हजार भन्दा बढी मूल्य पर्ने बोझबाहक जस्तै ट्र्याक्टर लगायतका अन्य सवारी साधनमा बिना इजाजत वन पैदावार ओसारपसार गरे गराएमा सो बोझबाहक तथा सवारीसाधन समेत जफत हुन्छ। यसका अलावा वन पैदावारमा आधारित उद्योगले प्रचलित वन सम्बन्धी कानुन विपरीत वन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुनेछ। तसर्थ वन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनु हुन मन्त्रालय सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौ।

**अनुरोधक**
**गण्डकी प्रदेश सरकार**







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# मूल विषयबाट अन्यत्र नजाउ

नेपाल बिद्धुत प्राधिकरणको कार्यकारी निर्देशकमबाट कुलमान घिसिङलाई हटाएर हितेन्द्र देव शाक्यलाई नियुक्ति गरेपछि अब लोडसेडिङको हल्ला गरिएको छासरकारले कुलमान घिसिङलाई हटाउन पटकपटक स्पष्टीकरण सोध्ने काम गरेको थियो । स्पष्टीकरण सोध्ने बेलादेखि नै हटाउन खोजेको भन्दै सरकारको सामाजिक संजालमा विरोध भएको थियो । अहिले प्रतिपक्षी दलहरु आन्दोलनमा उत्रेका छन।सरकारको विरोधको मसलाको रुपमा लिएका छन । देशले लिएको उर्जा उत्पादन र खपतका बारेमा हुनुपर्ने छलफल अन्यत्र मोडिएको छ । देशले लिएको लक्ष्य प्राप्तिमा देखिएका चुनौती र अवसरका बारेमा गहन छलफल नहुनु विडम्बना हो । अहिले भारतले दिउँसोको समयमा बिजुली दिए पनि साँझको आपूर्तिलाई रोकेको छ। अझ अबको १५ दिनपछि भारतले आपूर्ति रोक्ने सम्भावना झन् बढी किन छ भने विद्युत् आदानप्रदानको सम्झौतालाई विद्युत् नियमन आयोगले स्वीकृत गरेको छैन ।

नेपालमा बिजुलीको जडित क्षमता ३५ सय मेगावाट हो। तर हिउँदमा त उच्च माग १९ सय मेगावाट पनि पूरा हुँदैन । त्यसैले भारतको भर पर्नुपर्छ । हामीले छलफल गर्नुपर्ने विषयलाई मोडेर सरकार विरुद्धको मुद्दा बनाउन लाग्दा नेपाली भावनामा वग्छन भन्ने देखिएको छ। भारतबाट दिउँसोको समयमा ६०० मेगावाट आयात भइरहेको छ अहिले । साँझ भारतबाट १ सय ५० देखि २ सय मेगावाट र रातिको समयमा ४ सय मेगावाट आयात हुने गरेकोमा त्यो रोकिँदा आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण हुनु स्वाभाविक हो । भारतसँग बिजुली किन्न विद्युत् प्राधिकरणले केही महँगो मूल्यमा सम्झौता गरेपछि कार्यकारी निर्देशक कुलमान घिसिङ हटाउने अवस्थामा पुगेका हुन । सरकारले त्यस प्रसंगमा उनीसँग प्रष्टीकरण सोध्यो पनि ।

अहिलेसम्म भने प्राधिकरणले भारतबाट बिजुली नआउँदैमा आन्तरिक माग धान्न गाह्रो नपर्ने बताइरहेको छ। तर त्यसको व्यवस्थापन प्राधिकरणले कसरी गर्ने हो त्यो समयले मात्रै बताउन सक्छ। बिजुलीको माग बढ्दो तर उत्पादन भने हिउँदमा खास नहुने हुँदा समस्या बल्झिरहने गरेको हो । लोडसेडिङको त्रासको तरबार त्यसैले सधैं त झुन्डिरहेको छ। जलाशययुक्त जलविद्युत् आयोजनाको अभावका कारण पनि हिउँदमा आवश्यक बिजुली उत्पादन भएको छैन। त्यस्ता आयोजना जस्तो बूढीगण्डकी निर्माण भने सधैं दलहरूको राजनीतिक स्वार्थको लडाइँमा पेलिएको छ। बन्न, नबन्ने यकिन छैन । जलस्रोतको बिजुलीमा आत्मनिर्भर बनाउन दलहरू संवेदनशील नहुँदाको परिणाम नै आज मुलुकले भारतको भर पर्नु परेको हो । प्राधिकरणलाई दोष दिएर मुलुकका ठूला दलहरू आफ्नो दायित्वबाट पन्छिन पाउँदैनन् । यो अभाव र आपूर्ति संकटको खास जड विद्युत् उत्पादन दलहरूको नारामै सीमित हुनुहुदैन ।

# तनहुँमा सवारी दुर्घटना: नौ महिनामा ४८ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ चैत

सवारी दुर्घटनामा परी तनहुँमा नौ महिनामा ४८ जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्षको फागुनसम्ममा भएका ४४ वटा सवारी दुर्घटनामा ४८ जनाले ज्यान गुमाएका हुन् । ती दुर्घटनामा ८१ जना घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख कृष्णबहादुर चन्दका अनुसार ती दुर्घटनामा २४ पुरुष, २० महिला र चार बालबालिकाको मृत्यु भएको हो। चालु आवको साउनमा मृत्यु नभएको, भदौमा २९, असोजमा चार, कात्तिकमा दुई, मङ्सिरमा एक, पुसमा दुई, माघमा आठ, फागुनमा एक र चैत १० गतेभित्र थप एक जनाको मृत्यु भएको छ।

सोही अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने २४ हजार छ सय ४१ सवारीबाट रु दई करोड तीन लाख ४० हजार पाँच सय राजस्व सङ्कलन गरेको छ। कार्यालयले नियम उल्लङ्घन गर्ने ट्रक, टिपर, बस, जिप, मोटरसाइकल, स्कुटरलगायत सवारीलाई कारबाही गरी उक्त रकम असुलेको हो ।

तीव्रगतिमा सवारी चलाउनेलाई राडरगनका माध्यमबाटसमयसमयमाअनुगमन गरी कारबाही पनि हुँदै आएको उहाँले जानकारी दिनुभयो । मुग्लिन- पोखरा सडक विस्तार भइरहेकाले दुर्घटना जोखिम घटाउन सुरक्षाकर्मीले हरसम्भव प्रयास गरेका उहाँले बताउनुभयो।

# पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक नौ महिनादेखि अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत

नौ महिनाअघि अवरुद्ध भएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रमुख पर्यटकीयस्थल घोडेपानी जोड्ने पोखरेबगर-चित्रे सडक अझै सञ्चालन भएको छैन ।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि घार-खिवाङ-शिख-चित्रे सडकअन्तर्गत अन्नपूर्ण-५ घोप्टेखर्कमा गत असारमा पहिराले भत्काएको सडक मर्मत नहुँदा स्थानीयवासी र पर्यटकलाई समस्या भएको छ।

स्थानीयवासीले पहिरोले साँघुरिएको सडकको डिलतर्फ काठ राखेर जिप मात्र छिर्ने बनाएका छन् । काठको फल्याक र थाम भाँचिएर दुर्घटना हुने उच्च जोखिम छ । सडकअवरुद्ध हुँदा घुम्न आउने पर्यटक र स्थानीयवासीलाई आवतजावतका साथै होटल व्यवसायीलाई दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको घोडेपानीका बासिन्दा जुली ठकुरी पुनले बताउनुभयो । घोप्टेखर्कमा करिब १० मिटर सडकको डिलतर्फको भाग भत्किएपछि मोटरसाइकल बाहेक जिप, बस, ट्रक, ट्याक्टर वारपार गर्न सकेका छैनन् । पोखरेबगर-चित्रे-घोडेपानी सडकअन्तर्गत लुलिया र हल्लेखर्कको घुम्तीमा सडक भासिएपछि बस र ट्रक सञ्चालन हुनसकेको छैन । वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानीमा सो भन्दा बढी आन्तरिक पर्यटक आउँछन् । सडकको समस्याका कारण सवारी साधनमार्फत अपेक्षाकृत सङ्ख्यामा आन्तरिक पर्यटक भित्रन नसकेका घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताउनुभयो ।

पहाडको टाकुरामा अवस्थित घोडेपानी र नजिकैको पुनहिल सूर्योदय, हिमशृङ्खला, पहाडी भूगोल, गुराँसे जङ्गल, वन्यजन्तु, पक्षी, मगर संस्कृतिलगायत आकर्षण रहेको छ । १८ किलोमिटर पाँच सय ४० मिटर दुरीको पोखरेबगर-चित्रे सडक मार्ग खुलेको १५ वर्षपछि गतवर्ष स्थानीय पूर्वाधार विकास कार्यालय कास्कीमार्फत करिब रु ३० करोडको लागतमा ग्राभेल, ढलान र कालोपत्र गरिएको थियो।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले पहिरोले क्षति पुऱ्याएको सडक मर्मतका लागि आयोजना कार्यालयले बेवास्ता गरेपछि गाउँपालिकालेनै मर्मत गर्न लागेको बताउनुभयो ।

# दैनिक दुई सय लिटर दूध बेचेर किसान पुरस्कृत

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ चैत

यहाँको व्यास नगरपालिका-१३ बेलबासका लेखनाथ बाँस्तोला धेरै दूध उत्पादन गरेबापत पुरस्कृत हुनुभएको छ । उहाँले प्रोत्साहन स्वरुप रु एक लाख ५० हजार पुरस्कार प्राप्त गर्नुभएको हो ।

गण्डकी प्रदेशको ‘उत्पादनमा आधारित अनुदान कार्यक्रम’अन्तर्गत पुरस्कार प्राप्त गरेपछि उहाँले गौरवान्वित महसुस गरेको प्रतिक्रिया दिनुभयो । पाँच वर्ष अघिदेखि कृषि पेशामा लाग्नुभएका बाँस्तोलाले यातायात व्यवसाय छाडेर व्यावसायिक रूपमा गाईपालन तथा बाख्रापालन गर्नुभएको छ । उहाँले कोभिड १९ का बेला लामो समयसम्म बन्दाबन्दी (लकडाउन) भएपछि गाउँ फर्किएर पशुपालन सुरु गर्नुभएको थियो । उहाँका फार्ममा हाल उन्नत प्रजातिका २२ वटा जर्सी तथा होलस्टेन जातका गाई छन् । जसमध्ये १५ लैना गाईबाट दैनिक दुई सय लिटर दूध उत्पादन गरी मासिक रु चार लाखको दूध बिक्री गर्ने गरेको बाँस्तोलाले बताउनुभयो । गाउँकै बेलबास दुग्ध उत्पादक सहकारीमा दूध बिक्री गरेर खर्च कटाएर मासिक रु दुई लाख बचत हुने गरेको उहाँले बताउनुभयो । बाँस्तोलाले भन्नुभयो, “उत्पादनमा आधारित अनुदानअन्तर्गत पुरस्कार पाएपछि पेशाप्रति गौरव महशुस भएको छ ।” यातायात व्यवसायभन्दा गाईपालनबाट सन्तुष्टी मिलेको बाँस्तोलाको भनाइ छ । बेलबास दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष केशवबहादुर रानाले उहाँ गाउँमा सबैभन्दा धेरै दूध उत्पादन गर्ने किसान भएको बताउनुभयो । गाईको साथै बाँस्तोलाले बाख्रापालनबाट पनि आम्दानी गर्दै आउनुभएको छ । उहाँले ५० वटा बोयर बाख्रा पाल्नुभएको छ । गाई र बाख्रा दुवै थप गरेर हालको आम्दानीलाई दोब्बर पार्ने सोच बनाएको बाँस्तोलाले बताउनुभयो । सरकारलाई अनुदान दिने प्रक्रिया बदल्नु जरुरी रहेको किसान बाँस्तोलाको सुझाव छ । व्यवसाय गरेको कागज बनाउने, अनुदान लिने र अनुदान पाएपछि पेशा छाड्ने गरेकाले अनुदानको दुरुपयोग भएको बाँस्तोलाको गुनासो छ ।

# दुर्लभ जीव हिउँ चितुवाको अनुगमन गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ चैत

उपल्लो मुस्ताङका तीन स्थानमा ‘क्यामेरा ट्यापिङ’ का माध्यमबाट हिउँ चितुवाको अनुगमन सुरु भएको छ । मानव र हिउँ चितुवाबीचको द्वन्द्व बढेपछि हिउँ चितुवाको अवस्थिति अनुगमन गर्न क्यामेरा ट्यापिङ थालिएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका कार्यालय प्रमुख उमेश पौडेलका अनुसार उपल्लो मुस्ताङका वारागुङ मुक्तिक्षेत्र-३ समर आसपासका क्षेत्रमा १२ वटा, लोमान्थाङको थुर्लुङफाँट माथिको डाँडाआसपास क्षेत्रमा दुईवटा र लोमान्थाङ बजारमाथिको क्षेत्रमा एउटा क्यामेरा अनुगमनका निम्ति जडान गरिएको छ। तीन स्थानमा हिउँ चितुवाको वर्तमान स्थिति र अवस्था पत्ता लगाउने र कुन-कुन स्थानमा कतिको सङ्ख्यामा हिउँ चितुवा छन्भने एकीन गर्न कार्यालयले क्यामेरा ट्यापिङबाट अनुगमन थालेको हो । हिउँ चितुवाले बर्सेनि दुःख दिइरहेको गुनासो आइरहेकाले चितुवाको संरक्षण गर्दै स्थानीयको पशुधनको क्षति हुने क्रमलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गर्नेगरी क्यामेरा ट्यापिङ गरी अनुगमन गरेको हो ।

एक्याप लोमान्थाङले हिउँ चितुवा अनुगमनका लागि गत हप्ता मुस्ताङको एक्याप लोमान्थाङ प्रमुख पौडेलले संरक्षित हिउँ चितुवा र अन्य वन्यजन्तुको संरक्षण गर्ने दायित्व एक्यापको भएकाले यसका लागि मानव र स्थानीयको पशुधनको रक्षाका लागि अध्ययन सुरु गरेको उल्लेख गर्नुभयो ।

पारस्थितिक प्रणालीमा महत्वपूर्ण योगदान पुऱ्याउने हिमालकी रानी हिउँ चितुवा यहाँको धार्मिक, सांस्कृतिक र जैविक सम्पत्ति भएको र स्थानीयले सदियौंदेखि अपनाउँदै आइरहेको पशुपालन व्यवसायलाई एकैसाथ अघि बढाउन दिगो रुपमा हिउँचितुवा व्यवस्थापनका नयाँ कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने बेला आएको छ भन्नुभयो। यसअघि एक्यापले घरपझोङ गाउँपालिका र वारागुङ क्षेत्रका यारुफो भ्युटावर, नमुखलेक, वारागुङ मुक्तिक्षेत्रको साङ्ता, तिरी र कागबेनीका साथै उपल्लो मुस्ताङमा ३१ वटा क्यामेरा जडान हिउँ चितुवाको अनुगमन एवं सर्वेक्षण गरेको थियो ।

मुस्ताङमा हिउँ चितुवाका गतिविधि समीक्षा गर्ने तथा जलवायु परिवर्तनका कारण पारिस्थितिकीय प्रणालीमा परेको प्रभाव, यो दुर्लव जीवको आहारा एवं आनीबानीको विज्ञहरुले विश्लेषण गर्ने जनाएको छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा घाँस अभाव हुँदा हिउँ चितुवाको आहारा नाउर वस्ती र पाखोमा झर्न थालेका छन् । हिउँ चितुवा आहार नाउरलाई पछ्याउदै मानवबस्तीसम्म पुग्ने गरेका विज्ञहरुले बताएका छन् ।

# जलविद्युत् आयोजनाको ‘मकिङ’ खोलामा फाल्दा बाढीको जोखिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत

मालिका गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको दरवाङ-म्याग्दीखोला जलविद्युत् आयोजनाको सुरुङबाट निस्किएको ‘मकिङ’ सिधै म्याग्दी नदीमा फाल्दा जलचर सङ्कटमा पर्नुका साथै तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढेको छ ।

धवलागिरि कालिका हाइड्रो लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको मालिका गाउँपालिका-६ कमेरेस्थित अडित नम्बर २ मा विस्फोटक पदार्थ प्रयोग गरेर सुरुङ खन्दा निस्किएको ढुङ्गा, माटो नीतिगत व्यवस्थाविपरीत धार नै परिवर्तन हुने गरेर म्याग्दी नदी र किनारमा फालेको हो । खोलामा मकिङ फाल्न थालेपछि म्याग्दी नदीमा माछालगायत जलचर पाइन छाडेको र बर्खायाममा बाढीको आयतन बढेर दरवाङ, बाबियाचौर, तातोपानी, सिङ्गा र बेनीमा कटानको जोखिम सृजना गरेको स्थानीयले गुनासो गरेका छन् । विस्फोटक पदार्थ मिसिएको ढुङ्गा माटोमा हुने रासायनिक पदार्थ जलचरका लागि प्रतिकूल हुने भएकाले नदीभन्दा बाहिर छुट्टै जग्गामा थुपार्नुपर्ने कानुनी व्यवस्था छ । डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले खोलामा फालेको र किनारमा थुपारेको मकिङ अन्यत्र व्यवस्थापन गर्न निर्देशन दिएको बताउनुभयो । “जलविद्युत् आयोजनाको मकिङ जथाभावी फाल्दा वातावरणमा असर पर्छ, फोहर हटाउन निर्देशन दिएको छु”, उहाँले भन्नुभयो । दरवाङ म्याग्दीखोलाको सुरुङबाट निस्किएको मकिङ गोज्जा, कमेरे, दरवाङ र ढाँडखर्कको पाखो, नदी किनार र सिधै खोलामा फाल्ने गरेको छ । आयोजनाका निर्देशक तेजेन्द्र रोकाले खोलामा मकिङ फाल्नु कमजोरी भएको स्वीकार गर्दै जग्गा खोजेर व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# नेपालको सुरुआती ११ खेलाडीको नाम सार्वजनिक

**रासस**
काठमाडौं, १२ चैत

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक म्याट रसले एएफसी एसियन कप २०२७ तेस्रो चरणको छनोटअन्तर्गत मलेसियाविरुद्धको खेलमा नेपालको सुरुआती बल मलेसियाको सुल्तान इब्राहिम स्टेडियम मंगलबार साँझ ७ :४५ बजे हुने खेलको लागि मुख्य प्रशिक्षक म्याटले नेपालको सुरुआती ११ खेलाडीको नाम सार्वजनिक गरेको हो ।

जसमा सिङ्गापुरसँग खेलेको टोलीमा एक खेलाडी परिवर्तन भएको छ । सुरुआती ११ मा नियमित खेल्दै आएका फरवार्ड अञ्जन विष्टलाई मुख्य प्रशिक्षक म्याटले आराम दिनुभएको छ । उनको स्थानमा मिडफिल्डर लाकेन लिम्बूलाई अवसर दिएको छ। यही चैत ७ गते सिङ्गापुरको नेसनल स्टेडियममा सम्पन्न मैत्रीपूर्ण खेलमा नेपालले सिङ्गापुरमाथि १-० को जित निकालेको थियो । जेलेस्पीजङ्घ कार्कीको निर्णायक गोलसँगै नेपालले सिङ्गापुरलाई ३६ वर्षपछि पराजित गरेको थियो । नेपालको सुरुआती ११ मा कप्तान एवं गोलकिपर किरण चेम्जोङसँगै लाकेन लिम्बू, सनिश श्रेष्ठ, सुमन श्रेष्ठ, अनन्त तामाङ, जेलेस्पीजङ्घ कार्की, एरिक विष्ट, सुमित श्रेष्ठ, आयुष घलान, मनिष डाँगी र रोहित चन्द छन् । नेपाल हाल फिफा वरियतामा एक सय ७५औं स्थानमा छ भने मलेसिया एक सय ३२औं स्थानमा छ। पुरुष फुटबलमा नेपालले मलेसियालाई अहिलेसम्म हराउन सकेको छैन । यसअघि भएको सात भेटमा नेपालले मलेसियालाई पराजित गर्न सकेको छैन । मलेसियाले छ खेल जित्दा एक खेल भने बराबरीमा सकिएको थियो। मंगलबारको खेल नेपालमा हुनुपर्ने हो । तर दशरथ रङ्गशालालाई अन्तरराष्ट्रिय मान्यता नदिएको कारण नेपाली टोली मलेसिया गएको हो। यस छनोटमा एसियाका २४ टिमलाई विभिन्न छ समूहमा विभाजित गरिएको छ । जसमा नेपाल समूह एफ मा परेको छ । नेपालको समूहमा मलेसिया, भियतनाम र लाओस छन् । होम एण्ड अवे प्रणालीमा खेलाइने छनोटपछि प्रत्येक समूहको शीर्ष टोली एसियन कपमा छनोट हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**उपरोक्त सम्बन्धमा, गण्डकी प्रदेश, बागलुङ जिल्ला, जैमिनी नगरपालिका नगर कार्यपालिकाद्धारा जैमिनी नगरपालिका भित्र भएर बग्ने कालीगण्डकी नदी किनारको विभिन्न घाट तथा बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्य गर्न लागेको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम मितिः २०८०/१२/१४ गते बिहीबारका दिन आयोजना प्रभावित वडा नं ५, ६, ७ र ८ मा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

आयोजक
**जैमिनी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

# फोटोमार्फत सराङ्कोट धार्मिक क्षेत्रको प्रचारमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्रको फोटोमार्फत प्रचारप्रसारका लागि नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीको टोली सराङ्कोट पुगेको छ।

सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समिति र अन्नपूर्ण केबलकारको सहकार्यमा 'सराङकोट एट फोटो पत्रकार' कार्यक्रम लिएर सोमबार एनपिजेएको टिम सराङकोट पुगेको हो । संघका अध्यक्ष राम गुरुङको नेतृत्वमा गएको टोलीले धार्मिक क्षेत्रको फोटो तथा भिडियो कैद गरेका थिए।

फोटो पत्रकारले खिचेका फोटोको माध्यमबाट पोखरा १८ सराङकोटमा विस्तार हुँदै गरेको धार्मिक क्षेत्रको प्रचारप्रसारमा टेवा पुग्ने सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसीले बताए । यहाँ रहेको कैलाशेश्वर महादेव मन्दिरमा प्रत्येक सोमबार साँझ ५ देखि



७ बजेसम्म महाआरति हुन्छ । सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिले २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर (कैलाशेश्वर महादेव), नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका, स्वागतद्वार निर्माण भएको समितिका अध्यक्ष जिसीले जानकारी दिए । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ । सोही क्षेत्रको विकासका लागि फागुन १४ देखि २१ गतेसम्म श्रीमद् भागवत् ज्ञानमहायज्ञ आयोजना गरिएको थियो। निर्माण गरिएका संचरनाको दिगो व्यवस्थापनमा अलवा बालउद्यान, योग ध्यान केन्द्रसहित दृष्य अवलोकनका लागि सिसाको आकाशे पुलसहितको थप संरचना बनाउने लक्ष्य रहेको अध्यक्ष जिसीले बताए। पोखरा १८ वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले सराङकोट क्षेत्रको विकासका लागि पत्रकारहरुको अहम भूमिका भएकाले यसको प्रचारप्रसारमा फोटो पत्रकारको फोटोले अझ टेवा पुग्ने विश्वास व्यक्त गरे । धार्मिक क्षेत्रको विकासका लागि समितिले गरेको काममा आफ्नो वडाको तर्फबाट सधैं साथ र सहयोग रहने पनि उनको भनाइ थियो।

यस क्षेत्रमा सडकमार्ग अलवा केवलकारमार्फत पनि पुग्न सकिन्छ । महाआरतिसँगै त्यस क्षेत्रको दृष्यअवलोकनका लागि सोमबार साँझ ४ देखि ७ बजेसम्म केबलकारमा छुटको व्यवस्था रहेको छ । नेपालीका लागि सो समयमामहाआरतिसँगै सराङकोट क्षेत्र जान आउनका लागि २ सय ५० रुपैयाँ मूल्य तोकिएको अन्नपूर्ण केबलकारका बजार व्यवस्थापक अरुण कोइरालाले जानकारी दिए । यसबाट पनि त्यस क्षेत्रको पर्यटन प्रवर्द्धन टेवा पुग्ने उनले सुनाए।

फोटो पत्रकारले कैद गरेका तस्विरले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने भएकाले समय समयमा एनपिजेएले यस खालको कार्यक्रम गर्दै आएको अध्यक्ष राम गुरुङले बताए। पोखरा पर्यटनको राजधानी घोषणा भइसकेको अवस्थामा फोटोको माध्यमबाट यहाँको पर्यटन क्षेत्रको विकास र प्रचारप्रसारका लागि नेपाल फोटो पत्रकार संघ कास्की सदैव तयार रहेको उनले प्रतिवद्धता जनाए।

# 'वाडा अटो शो'को तयारी तिव्र, केभ टु केभ मोटर र्‍याली सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल र पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) पोखराद्वारा आयोजित 'वाडा अटो सो २०२५' को तयारी तिव्र भएको छ।

कार्यक्रमको प्रचारप्रसारकै क्रममा आयोजकले मंगलबार पुनः मोटर र्‍यालीको आयोजना गरेको कार्यक्रमका प्रचार संयोजक एवम आयोजक संस्थाका महासचिब विनय थापाले जानकारी दिए । अमरसिंहचोकबाट शुरु भएको मोटर र्‍याली छोरेपाटनको गुप्तेश्वर महादेव गुफा, लेकसाइड, बाटुलेचौर हुदै महेन्दगुफा पुगेको थियो । पोखरा भ्रमण बर्षको सन्दर्भ पनि रहेकोले पोखराका पर्यटकिय गन्तव्यहरुमा मोटर र्‍यालीको गरेको उनले बताए। र्‍यालीमा ४० वटा गाडी सहभागी थिए। मोटर र्‍याली अमरसिंहचोकमा आएर समापन भएको थियो।

कार्यक्रमको पुर्व सन्ध्यामा तयारीका साथै विभिन्न




रचनात्मक कार्यक्रम गरेको आयोजकले बुधबार सरसफाइ कार्यक्रम गर्न लागेको कार्यक्रम संयोजक निरन केसीले बताए । सरसफाइ कार्यक्रम पोखरा नयाबजारबाट शुरु भइ पृथ्वीचोकमा पुगेर सम्पन्न हुनेछ। चैत १४ देखि १७ सम्म पोखराको अमरसिंहचौरमा अटो सो हुदैछ। प्रदर्शनीमा १९ वटा ब्राण्डका ४-पाङ्ग्रे, ६ वटा ब्राण्डका लाइट कमर्शियल, ७ वटा ब्राण्डका २-पाङ्ग्रे लगायत लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अन्य एशोसेरिजहरू तथा वित्तीय संस्थाहरूका २० वटा स्टलहरू रहने छन् । प्रदर्शनीमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको सहभागितामा सवारी साधन सुरक्षा सम्बन्धी जानकारी, सडक सुरक्षा तथा ट्राफिक नियम पालना सम्बन्धी विविध जानकारी मूलक कार्यक्रमहरू सञ्चालन गरिने छन । अटो सोमा बन्दिपुर केवुलकार एण्ड टुरिजम लि.ले डोर प्राइज स्पन्सर अन्तर्गत ३ सय वटा केबुलकार टिकट उपलब्ध गराउने छ । प्रदर्शनी अवलोकन गर्न आउने महानुभावहरूले टिकटमा गोलाप्रथाद्वारा सो केबुलकारको टिकट प्राप्त गर्न सक्नेछन् । ४ दिनसम्म चल्ने अटो शोलाई ३५ हजार आगन्तुकहरूले अवलोकन गर्ने विश्वास आयोजकले लिएका छन।

# 'चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगिता-२०८१ बुधबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पोखरामा बुधबारदेखि ' चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगिता हुने भएको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा पोखरा महानगरपालिका क्रिकेट संघको आयोजना र व्यवस्थापनमा प्रतियोगिता हुने भएको हो। इडेन हेभेन क्रिकेट मैदान, लेखनाथमा बुधबारदेखि शुरुहुनेप्रतियोगिताचैत१५गतेसम्म हुने आयोजक महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।

प्रतियोगितामा ३ टिमले प्रतिष्पर्धा गर्ने पोखरा महानगरपालिका क्रिकेट संघले जनाएको छ। यसअघि पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा गत फागुन अन्तिम साता भएको अन्तर क्लव टि-२० क्रिकेट प्रतियोगिताबाट छनौट भएका ३६ जना खेलाडीलाई ३ वटा समूहमा विभाजित गरेर प्रतियोगिता खेलाईन लागेको अध्यक्ष पुनले




बताए। खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न नियमित प्रतियोगिता आयोजना गरिएको उनले बताए । उनका अनुसार निकट भविष्यमा देशका विभिन्न महानगरपालिकाहरुसँग आपसी सद्भाव साट्ने, महानगर-महानगरबीच भाइचारा सम्बन्ध स्थापित गर्ने र खेल पर्यटन प्रवर्द्धन गर्ने आफूहरुको उद्देश्य छ।

प्रतियोगिताको बिजेता र प्रत्येक दिनको प्लेयर अफ दी म्याचलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने उनले जानकारी दिए। पोखरा महानगरपालिका क्रिकेट संघले नियमित क्रिकेट प्रतियोगिताका आयोजना गरेका कारण राष्ट्रिय स्तरको खेलाडीसमेत जन्माउन सफल भएको छ।

पछिल्लो क्रममा यहिंबाट उत्पादन भएकी रचना चौधरी महिला यु-१९ विश्वकप २०२५ र नेपालको महिला राष्ट्रिय टोलीलाई प्रतिनिधित्व गर्न सफल भएकी छन् भने पोखरा महानगरपालिका क्लब स्तरीय टी-२० क्रिकेट प्रतियोगिता २०८० बाट सिविन श्रेष्ठ र सोयल कुँवर पुरुष यु-१९ राष्ट्रिय टोलीको लागि छनौट भई राष्ट्रको प्रतिनिधित्व गर्ने स्तरमा पुगेको अध्यक्ष पुनले दाबी गरे।

# नेपाल मलेसियासँग पराजित

रासस
काठमाडौं, १२ चैत

एएफसी एसियन कप २०२७ को तेस्रो चरणअन्तर्गतको पहिलो खेलमा नेपाल मलेसियासँग पराजित भएको छ।

मलेसियाको सुल्तान इब्राहिम स्टेडियम मंगलबार सप्पन्न खेलमा मलेसियासँग नेपाल २-० गोलअन्तरले पराजित भएको हो । यो जितसँगै मलेसियाले तीन अङ्क जोडेको छ । खेलको २९औं मिनेटमै हेक्टर हेभलले गोल गर्दै मलेसियालाई पहिलो अग्रता दिलाए।

त्यसपछि खेलको ७१औं मिनेटमा मलेसियाका अर्का खेलाडी लाभेर कोर्बिन-अङ्गले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाए । त्यसपछि खेलमा गोल हुन सकेन र मलेसियाले नेपालमाथि २-० को जित निकाल्यो। यस पटकको छनोटमा एसियाका २४ टिमलाई छ समूहमा विभाजित गरिएको छ। जसमा नेपाल एफमा रहेको छ । नेपालको समूहमा मलेसियासँगै भियतनाम र लाओस छन् । 'होम एण्ड अवे' प्रणालीमा खेलाइने छनोटपछि प्रत्येक समूहको शीर्ष टोली एसियन कपमा छनोट हुनेछ।

# बागलुङमा आठ महिनामा १७९ जना क्षयरोगी भेटिए

पोखरापत्र संवाददाता
बागलुङ, १२ चैत

यहाँ हरेक वर्ष क्षयरोगका सङ्क्रमित बढ्दै गएका छन् । प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले परीक्षणको दायरा बढाउँदै गएपछि सङ्क्रमितको सङ्ख्या पनि बढेको हो।

दूरदराजका बस्तीमा क्षयरोगसम्बन्धी जनचेतनाको कमीका कारण सङ्क्रमण बढ्दै गएको प्रदेश जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ रोग निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । जिल्लाभर चालु आर्थिक वर्षको आठ महिनामा १७९ जनामा सङ्क्रमण पुष्टि भएको उहाँले दिनुभयो।

घिमिरेका अनुसार अघिल्लो वर्ष मात्रै ३१० जनामा सङ्क्रमण देखिएको थियो । क्षयरोगको 'स्क्रिनिङ' र 'कन्ट्र्याकट्रेसिङ' गर्न बाँकी रहेकाले क्षयरोगी अझै बढ्ने अनुमान गरिएको उहाँले उल्लेख गर्नुभयो।

सन् २०३५ भित्र क्षयरोग निवारण गर्ने लक्ष्य राखेको सरकारले खोजी अभियानलाई पनि तीव्रता दिइरहेको घिमिरेको भनाइ छ। अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा सबैभन्दा बढी २२७ सङ्क्रमित भेटिएका बताउँदै यस वर्ष बडिगाडमा खोजी गर्न बाँकी रहेको जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष क्षयरोगका कारण जिल्लाका १० जनाले ज्यान गुमाएका छन्। यस वर्ष सबैभन्दा बढी ढोरपाटनमा ४३ सबैभन्दा कम तमानखोलामा तीन जना सङ्क्रमित भेटिएका जनाउँदै घिमिरेले पछिल्लो समय खोजपड्ताल पनि बढाइएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "क्षयरोग समयमा पत्ता लगाएर उपचार गरे निको हुन्छ, जिल्लामा जनचेतनाको अभावले सङ्क्रमण फैलँदो छ, बागलुङमा निको हुने दर ९० दशमलव चार प्रतिशत छ। उपचारसँगै नियमित औषधि सेवन गरेमा क्षयरोग निको हुन्छ", निरीक्षक घिमिरेले भन्नुभयो, "हामीले यहाँका नागरिकलाई सचेत गराइरहेका छौं, सम्भावित सङ्क्रमितमध्ये ६८ प्रतिशत मात्रै भेटिएकाले खोजपड्ताललाई तीव्रता दिएका छौं । बागलुङमा देशभरको तुलनामा मृत्युदर कम छ।"

सङ्क्रमण नियन्त्रणका लागि बढी सङ्क्रमित भएको ठाउँबाट खोजपड्ताल अभियानलाई तीव्रता दिइएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख घनश्याम सापकोटाले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा जिल्लाका गलकोट नगरपालिका, बागलुङ नगरपालिका,काठेखोलागाउँपालिका र बडिगाड गाउँपालिकालाई क्षयरोगमुक्त बनाउने अभियान सञ्चालन गरिएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०५ गणतन्त्रचोक पश्चिम समिक्षा पंचकोशी हुदैं बरालचोक सिचाई नाला मर्मत तथा बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गणतन्त्रचोक पश्चिम समिक्षा पंचकोशी हुदैं बरालचोक सिचाई नाला मर्मत तथा बाटो निर्माण
ठेगानाः पोखरा-०५
योजना शुरु हुने मितिः २०८१/०९/१८ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/१५ गते
योजनाको कुल लागतः रु.७,०७,४२०.६०
महानगरपालिकाबाटः रु. ६,००,०००।-
जनसहभागिताबाटः रु.१,०७,४२०.६०
अध्यक्षः जगन्नाथ गौतम सम्पर्क नं.: ९८४७०२६०१६
निर्माण समिति सदस्य संख्याः ९
महिलाः १, पुरुषः ८

**गणतन्त्रचोक पश्चिम समिक्षा पंचकोशी हुदैं बरालचोक सिचाई नाला मर्मत तथा बाटो निर्माण उपभोक्ता समिति पोखरा-५**



**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation And Water Resources Management Project**
**Pokhara, Kaski**

## Amendment of Invitation for Electronic Bids

(Date of publication: 2081-12-13 (26th March, 2025)

1. This is to notify all bidders that there is an amendment to the Invitation for Electronic Bids for the contract number (IWRMP-KASKI/MYAGDI-SINGHA/NCB/WORKS/15/081-82,IWRMP-KASKI/MYAGDI-BACKSIDEOFDAO/NCB/WORKS/16/081-82,IWRMP-KASKI/PARBAT-AARMADIANDJALJALA/NCB/WORKS/17/081-82,IWRMP-KASKI/PARBAT-WAYTOBAURA/NCB/WORKS/18/081-82)published by this office in Himalaya Times national daily on 20th March, 2025 for the Opening of Financial Bids .

Amended Details of Financial Bids Opening
Date and Time: 2081-12-15 B.S. (28th March,2025) at 13:00 hours

**Project Chief**